# विद्यालय स्तरीकरण सूचक, २०८२

हुप्सेकोट गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झ्यालबास, नवलपरासी (व.सु.पूर्व)

# खण्ड-एक
# परिचय

## १. पृष्ठभूमि

विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तत्कालिन शिक्षा विभागले स्तरीकरण फाराम विकास गरी विद्यालयको स्तरीकरण गरेको थियो । यसैगरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रले विद्यालयको कार्यसम्पादन परीक्षण गर्नका लागि साधनको विकास गरी कार्यान्वयनमा ल्याएको छ । विद्यालय स्तरीकरण तथा मूल्याङ्कनका लागि विकास गरिएका साधनहरुलाई समय सापेक्ष बनाई सबै विद्यालयहरुको स्तरीकरण गर्नुपर्ने टड्कारो आवश्यकता महशुस गरी यो स्तरीकरण सूचकको विकास गरिएको छ । यसबाट प्राप्त नतिजा उपयोग गरी विद्यालयको समग्र पक्षहरुको सुधारका पक्षहरुको पहिचान गरी कार्यक्रमहरुको छनौट गर्न विद्यालय, स्थानीय तह र प्रदेश सरकारलाई मार्ग निर्देशन हुने छ ।

## २. उद्देश्य

**यस सामग्री निर्माणको उद्देश्य निम्नानुसार रहेका छन् :**

क. विद्यालयहरुको स्तरीकरण गर्नु,

ख. विद्यालयहरुको भावी योजना निर्माणका लागि आधार तयार गर्नु ।

## ३. विद्यालयको स्तर सार्वजनिकरणः

विद्यालयले सूचकका आधारमा स्वः मूल्याङ्कनका लागि प्रधानाध्यापकको संयोजकत्वमा प्र.अ. ले तोकेको शिक्षक सदस्य र विद्यालयको लेखा तथा प्रशासन सम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारी सदस्य रहने गरी ३ सदस्यीय समिति गठन गरी स्वः मूल्याङ्कन गरी प्रत्येक वर्ष स्तर सार्वजनिक गर्नुपर्नेछ। गाउँपालिकाले सबै विद्यालयको स्तरीकरण गरी आफ्नो वेवसाइट मार्फत विद्यालयहरुको स्तर **विद्यालय स्तरीकरण सारांश तालिका**का आधारमा स्तर सार्वजनिकरण गर्नेछ। यदि स्वःमूल्याङ्कन गर्दा प्रमाण तथा तथ्यबिना सूचकहरुमा नम्बर दिएको पाइएमा विद्यालयले गरेको मूल्याङ्कनको उक्त सूचकको अङ्कमा पाएको अङ्कको दोब्बरले अङ्क घटाइनेछ। यसमा प्रधानाध्यापक पूर्णरुपमा जिम्मेवार तथा जवाफदेहि हुनुपर्नेछ।

## खण्ड-दुई
## विद्यालय स्तरीकरण साधन

**क. विद्यालयको विवरणः**

दिइएको खाली ठाउँमा विद्यालयको विवरण भर्नुहोस् ।

विद्यालयको नाम :

जिल्ला :

स्थानीय तहको नाम : वडा नं. :

गाउँ टोल :

सञ्चालित तह र कक्षा :

फोन नं. (विद्यालय वा प्र.अ.) :

विद्यालय IEMIS कोड नं :

यस पूर्व स्तरीकरण भएको मितिः

स्तरीकरण सम्पन्न भएको मिति :

**तीन शैक्षिक सत्रको तुलनात्मक विद्यार्थी विवरण**

| **कक्षा** | **बिद्यार्थी सङ्ख्या** | | |
|---|---|---|---|
| | **२ वर्ष अघिको शै.स.को (२०८०)** | **अघिल्लो शै.स.को (२०८१)** | **चालु शै.स.को (२०८२)** |
| प्रारम्भिक बाविके/पूर्व प्राथमिक | | | |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| **जम्मा** | | | |

### ख. विद्यालय स्तरीकरण सूचक

विद्यालयको अभिलेख र तथ्याङ्क अध्ययन गरेर, स्थलगत अध्ययन अवलोकन गरेर र सरोकारवालासँग अन्तरवार्ता लिएर वा सोधपुछ गरेर यथार्थ विवरण लिनुहोस् र स्तर निर्धारणका निर्धारित मापदण्डको आधारमा ० (उपलब्ध नभएको वा नगण्य, १ (कमजोर), २ (मध्यम) र ३ (उत्तम) मध्ये एकमा चिनो लगाउनुहोस्।

**१. विद्यालयको भौतिक तथा शैक्षिक सुविधा**

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| १.१ | विद्यालय हाताको क्षेत्रफल (विद्यार्थी सख्याको आधारमा उपयोग गर्न पाउने) | ......... वर्गमिटर/रोपनी/विघा | | | | | ०. भवन मात्र भएको तर हाता नभएको<br>१. भवन र साँघुरो आँगन<br>२. ठिकै (वरिपरी छाडेर बनाइएको भवन र सबै विद्यार्थीलाई कक्षागत लाइनमा राख्न सक्ने आँगन)<br>३. पर्याप्त (खेलमैदान सहित यथेष्ट क्षेत्र) |
| १.२ | खेलमैदान (भवन अगाडिको आँगन बाहेक) | .........वर्गमिटर /रोपनी/विघा<br>नभएको | | | | | ०. खेलमैदान नभएको<br>१. सीमित खेल खेलाउन पुग्ने (सानो); जस्तै तातो आलु, रुमाल लुकाई<br>२. धेरै किसिमका खेल खेलाउन पुग्ने (मझौला); जस्तै भलिबल, दौड<br>३. सबै किसिमका खेल खेलाउन पुग्ने; जस्तै कम्तीमा 7A साइड फुटबल, क्रिकेट |
| १.३ | घेराबार (कम्पाउण्डवाल) | घेराबारको विवरणः ............<br>नभएको | | | | | ०. घेराबार नभएको<br>१. आंशिक घेराबार भएको<br>२. सामान्य घेराबार (काठ, बाँस, जाली, तार वा मिश्रित)<br>३. ईटा वा ढुङ्गा वा ब्लकको पर्खाल वा फलामको पोल सहितको जाली सहितको घेरावार |
| १.४ | विद्यालयको सरसफाइ | कुहिने र नकुहिने फोहोर फाल्न खाल्डोको प्रयोगः ... | | | | | ०. फोहोर फाल्न खाल्डोको व्यवस्था नरहेको<br>१. विद्यालयको एक स्थानमा खाल्डो बनाई फोहोरको व्यवस्थापन गर्ने गरेको |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | | | | | | २. विद्यालय परिसरका विभिन्न स्थानमा फोहोर फाल्ने स्थान बनाई सरसफाईको व्यवस्था मिलाइएको<br>३. नं. २ को आधार पूरा भई प्रत्येक कक्षा कोठामा डस्टबिनको व्यवस्था गरी सरसफाई समेत गरेको |
| १.५ | विद्यालय परिसरको प्रयोग | फुलवारीको अवस्थाः ... | | | | | ०. परिसरभित्र फुलवारीको व्यवस्था नभएको<br>१. परिसरभित्र फुलवारीको व्यवस्था भएको र सानोठाउँ भएको अवस्थामा गमलाको व्यवस्था भएको<br>२. फुलवारी, वृक्षारोपण तथा करेसावारी समेत भएको<br>३. नं. २ को आधार पूरा भई शिक्षण सिकाइमा समेत उपयोग भएको/शिक्षण सिकाईमा उपयोग भएको सुनिश्चित प्रमाण भएमा । |
| १.६ | कक्षाकोठाको उपलब्धता र प्रयोग | • पठनपाठन गर्नुपर्ने कक्षा सङ्ख्या : ...<br>• उपलब्ध कक्षाकोठा सङ्ख्या : ...<br>• प्रयोग भएका कक्षाकोठा सङ्ख्याः ... | | | | | ०. २ ओटा कक्षालाई एउटा कोठामा राखेको<br>१. कक्षा अनुसार अलग अलग कोठामा पठनपाठन भएको<br>२. कक्षा संख्याबाहेक थप २ वटा कोठा उपलब्ध भएको<br>३. कक्षा संख्याबाहेक प्रयोगशाला, पुस्तकालय, बैठक कक्ष, स्टाफ कक्ष/प्र.अ. को लागि छुट्टै कक्ष उपलब्ध भएको |
| १.७ | कक्षाकोठाको गुणस्तर | • झ्याल ढोकाको खापा नभएका कक्षाकोठा संख्याः ...<br>• कच्ची कक्षाकोठा संख्याः ...<br>• पक्की कक्षाकोठा संख्याः... | | | | | ०. आधाभन्दा बढी कक्षाकोठामा झ्याल ढोका नभएको वा टहरा मात्र भएको<br>१. सबै कक्षाकोठामा सामान्य झ्याल र भेन्टिलेसन भएको<br>२. आवश्यकताअनुसार खोल्न र लगाउन मिल्ने झ्याल ढोका |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | • र्याम्प भएका कक्षाकोठा संख्याः ... | | | | | भएको<br>३. सबै कक्षाकोठा पक्की भई कम्तीमा २५% मा र्याम्प भएको |
| १.८ | कक्षाकोठाको क्षमता (क्षेत्रफल) | प्रति विद्यार्थी कक्षाकोठाको क्षेत्रफल (औसत) : कम्तीमा शिक्षा नियमावलीमा तोकिए बमोजिम आधारभूत तहका लागि प्रति विद्यार्थी ०.७५ व.मी. र माध्यमिक तहका लागि १.०० व.मी | | | | | ०. २५ भन्दा कम विद्यार्थीका लागि शिक्षण र क्रियाकलाप गर्न सक्ने क्षमता भएको<br>१. ३० जना सम्म विद्यार्थीका लागि शिक्षण र क्रियाकलाप गर्न सक्ने क्षमता भएको<br>२. ४० जना सम्म विद्यार्थीका लागि शिक्षण र क्रियाकलाप गर्न सक्ने क्षमता भएको<br>३. ५० जना सम्म विद्यार्थीका लागि शिक्षण र क्रियाकलाप गर्न सक्ने क्षमता भएको |
| १.९ | कक्षाकोठाको आकर्षण | कक्षाकोठा रङरोगनः<br>नभएकोः | | | | | ०. कक्षाकोठा रङरोगन नभएको<br>१. कक्षाकोठा रङरोगन भएको<br>२. कक्षाकोठा रङरोगन गर्नुका अतिरिक्त नियमित रूपमा सरसफाइ गरिएको<br>३. कक्षाकोठा आकर्षक हुनुका साथै शिक्षक तथा विद्यार्थीद्वारा निर्मित सामग्रीहरू व्यवस्थित रूपमा सजाइएको |
| १.१० | फर्निचर | कक्षामा फर्निचर (डेस्क बेन्च, कुर्सी, गलैंचा, कार्पेट, कुसन आदि)<br>कक्षामा फर्निचर नभएको | | | | | ०. अधिकांश विद्यार्थी खाली भुँइ, बोरा आदिमा बस्नुपर्ने, सीमित फर्निचर भएको<br>१. केही विद्यार्थीलाई फर्निचरको अभाव<br>२. सम्पूर्ण विद्यार्थीलाई पर्याप्त फर्निचर<br>३. प्रत्येक विद्यार्थीलाई साइज अनुसार अलग अलग वा पुस्तक राख्ने र्याक सहित भएको |
| १.११ | शौचालय | उपलब्ध शौचालय विवरणः | | | | | ०. शौचालय नभएको वा छात्रछात्राका लागि अलग अलग शौचालय नभएको |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | नभएको | | | | | १. छात्र छात्राका लागि अलग अलग शौचालय भएको<br>२. शिक्षक तथा छात्रा र छात्रका लागि अलग अलग शौचालय उपलब्ध भई सफा समेत भएको<br>३. नं. २ को आधार पूरा भई स्यानिटरी प्याड व्यवस्थापनका लागि स्थान र सामग्री समेत भएको |
| १.१२ | खानेपानीको उपलब्धता | उपलब्ध भएको<br><br>नभएको | | | | | ०. कुनै व्यवस्था नभएको<br>१. पानी मात्र उपलब्ध भएको<br>२. विद्यार्थी संख्याको अनुपातमा पर्याप्त धारासहित साबुनको व्यवस्था भएको<br>३. नं. २ को आधार पुरा भई शुद्ध खानेपानी (फिल्टर/युरोगार्ड) को व्यवस्था समेत भएको |
| १.१३ | कक्षाकोठामा प्रयोग हुने पाटी | भएको सङ्ख्याः ....<br><br>नभएको | | | | | ०. व्यवस्था नभएको<br>१. कालोपाटी/चक प्रयोग भएको<br>२. मार्करबोर्ड र मार्करको प्रयोग भई नियमित प्रयोग भएको<br>३. नं. २ को आधार पुरा भई इन्टर्याक्टीभ बोर्ड वा स्मार्ट बोर्डको समेत प्रयोग भएको |
| १.१४ | बिद्युतको उपलब्धता | भएको भए विवरण खुलाउने:<br><br>नभएको | | | | | ०. बिजुली जडान नभएको<br>१. कार्यालयमा मात्र बिजुली जडान गरिएको<br>२. सबै कोठामा बिजुली जडान गरिएको<br>३. नं. २ को आधार पुरा भई कम्प्युटर प्रयोगशालामा ब्याकअपको समेत व्यवस्था भएको |
| १.१५ | कम्प्युटरको उपलब्धता | भएको भए कम्प्युटरको सङ्ख्याः<br><br>नभएको | | | | | ०. प्रशासनिक प्रयोजनमा मात्र कम्प्युटर भएको<br>१. ३० (वा बढी) विद्यार्थीका लागि १ कम्प्युटर |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | | | | | | २. २० देखि ३० विद्यार्थीका लागि १ कम्प्युटर<br>३. २० भन्दा कम विद्यार्थीका लागि १ कम्प्युटर |
| १.१६ | शिक्षण सिकाइमा कम्प्युटरको प्रयोग | कम्प्युटर विषय बाहेक कम्प्युटरको प्रयोग गरी पढाइने गरेका कक्षा र प्रति हप्ता औसत दिन: | | | | | ०. कम्प्युटर भएको तर प्रयोग नहुने<br>१. ७ दिनमा १ पटक कम्तीमा आधा कक्षामा प्रयोगमा आउने<br>२. ७ दिनमा २ वा सो भन्दा बढी पटक सबै कक्षामा प्रयोगमा आउने<br>३. नं. २ को आधार सहित इन्टरनेट समेतको प्रयोग भएको |
| १.१७ | पुस्तकालयको उपलब्धता र प्रयोग | पुस्तकालय : भएको/नभएको<br>बुक कर्नर : भएको/नभएको<br>बुक कर्नर उपलब्ध भएको भए कक्षा : | | | | | ०. नभएको<br>१. बुक कर्नर वा पुस्तकालय मध्ये कुनै एक भएको<br>२. कक्षा १-५ मा बुक कर्नर र विद्यालयमा पुस्तकालय दुवैको व्यवस्था भई प्रयोगमा आएको<br>३. नं. २ को आधार पुरा भई नियमित प्रयोग र इ-पुस्तकालय समेतको व्यवस्था भएको |
| १.१८ | प्रयोगशालाको उपलब्धता र प्रयोग (माध्यमिक तहका लागि मात्र) | विषयगत प्रयोगशाला रहेको:<br><br>नभएको | | | | | ०. नभएको<br>१. विज्ञान प्रयोगशाला भएको तर अत्यन्तै कम सामग्री भएको<br>२. विज्ञान प्रयोगशाला भै पर्याप्त सामग्री भएको तर नियमित प्रयोग नभएको<br>३. कम्तीमा २ विषयको विषयगत (विज्ञान, गणित, प्राविधिक STEM ) प्रयोगशालाको व्यवस्था भई सामग्री पर्याप्त भएको र विद्यार्थीले नियमित प्रयोग गर्ने |
| १.१९ | खेलकुद सामग्री | उपलब्ध सामग्रीका नाम:<br>...........<br><br>नभएको | | | | | ०. खेलकुदका कुनै पनि सामग्री नभएको<br>१. बढीमा ३ प्रकारका खेलका लागि सामग्री उपलब्ध भएको<br>२. बढीमा ६ प्रकारका खेलका लागि |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | | | | | | सामग्री उपलब्ध भएको<br>३. ६ भन्दा बढी प्रकारका खेलका लागि सामग्री उपलब्ध भएको |
| १.२० | चमेनागृहको उपलब्धता र सेवा प्रवाह | विद्यालय हातामा भएको<br><br>नभएको | | | | | ०. नभएको वा नियमित नखुल्ने<br>१. नियमित खुल्ने, पर्याप्त सरसफाइ नभएको<br>२. नियमित खुल्ने, पर्याप्त सरसफाइ भएको<br>३. नियमित खुल्ने, सरसफाइ राम्रो भएको, साप्ताहिक मेनुसहित स्वस्थकर खानाको प्रबन्ध भएको |
| **जम्मा पूर्णाङ्कः ६०** | | | | | | | |

२. शिक्षक व्यवस्थापन र विकास

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| **(क) शिक्षक उपलब्धता (संख्या र योग्यता)** | | | | | | | |
| २.१ | कक्षा र विषयको अनुपातमा शिक्षक उपलब्धता | जम्मा शिक्षक सङ्ख्या (विद्यालय स्रोत समेत):<br><br>जम्मा कक्षा सङ्ख्या:...........<br>**माध्यमिक तहका जम्मा शिक्षक संख्या :**<br>नेपाली विषयका शिक्षक :<br>अङ्ग्रेजी विषयका शिक्षक:<br>गणित विषयका शिक्षक:<br>विज्ञान विषयका शिक्षक:<br>सामाजिक विषयका शिक्षक :<br>अन्य विषयको शिक्षक:<br><br>**निम्न माध्यमिक तहका जम्मा शिक्षक सङ्ख्या :**<br>नेपाली विषयका शिक्षक :<br>अङ्ग्रेजी विषयका शिक्षक:<br>गणित/विज्ञान विषयका शिक्षक :<br>सामाजिक विषयका शिक्षक:<br>अन्य विषयको शिक्षक:<br><br>प्राथमिक तह शिक्षक संख्या : | | | | | ०. शिक्षा नियमावलीले तोके बमोजिम न्यूनतम शिक्षक संख्या नभएको<br>१. शिक्षा नियमावलीले तोके बमोजिम न्यूनतम शिक्षक संख्या भएको<br>२. कक्षा सङ्ख्यासँग बराबर वा बढी शिक्षक भएको<br>३. नं. २ को आधार पूरा गर्न आन्तरिक स्रोतबाट समेत विषयगत शिक्षकको व्यवस्था गरेको |
| २.२ | शिक्षकको योग्यता | जम्मा शिक्षक सङ्ख्या : . .<br><br>न्युनतम योग्यता मात्र भएका शिक्षकको सङ्ख्या:<br><br>माथिल्लो योग्यता भएका शिक्षक सङ्ख्या : | | | | | ०. न्यूनतम योग्यता पनि नभएका शिक्षकसमेत भएमा<br>१. सबै शिक्षक न्यूनतम योग्यता पुगेको भएमा<br>२. माथिल्लो योग्यता भएका शिक्षक कम्तीमा २५% भएमा<br>३. माथिल्लो योग्यता भएका शिक्षक कम्तीमा ५०% भएमा |
| २.३ | लैङ्गिक | महिला शिक्षकको सङ्ख्या : .. | | | | | ०. महिला शिक्षक नै नभएमा<br>१. महिला र पुरुष शिक्षकको |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | पुरुष शिक्षकको सङ्ख्या : ....<br><br>महिला/पुरुष शिक्षक अनुपात : ....<br><br>(बालविकास सहजकर्ता बाहेक) | | | | | अनुपात ०.२० भन्दा कम भएमा<br>२. महिला र पुरुष शिक्षकको अनुपात ०.२० - ०.५० भएमा<br>३. महिला र पुरुष शिक्षकको अनुपात ०.५० वा सोभन्दा बढी भएमा |
| २.४ | शिक्षकमा सूचना प्रविधि (कम्प्युटर/ इन्टरनेट/ इमेल) सम्बन्धी क्षमता | सूचना प्रविधि सम्बन्धी क्षमता भएका शिक्षक सङ्ख्या : ....... | | | | | ०. २५% भन्दा कम शिक्षकमा यस्तो क्षमता भएमा<br>१. २५ - ५०% शिक्षकमा यस्तो<br>२. ५० - ७५% क्षमता भएमा<br>३. ७५% वा सोभन्दा बढी शिक्षकमा यस्तो क्षमता भएमा |
| २.५ | शिक्षक उपस्थिति | गत शैक्षिक वर्षमा विद्यालय खुलेको जम्मा दिनः .......<br><br>गत शैक्षिक वर्षको औसत शिक्षक उपस्थिति : | | | | | ०. विद्यालय खुलेको दिनको ८०% भन्दा कम औसत उपस्थिति भएमा<br>१. विद्यालय खुलेको दिनको ९०% सम्म औसत उपस्थिति भएमा<br>२. विद्यालय खुलेको दिनको ९५% सम्म औसत उपस्थिति भएमा<br>३. विद्यालय खुलेको दिनको ९५% भन्दा बढी औसत उपस्थिति भएमा |
| २.६ | प्र.अ.को मूल्याङ्कनमा शिक्षकको कार्यसम्पादन स्तर | प्र.अ. बाहेक जम्मा शिक्षक सङ्ख्याः . ........<br>नियमितता, शिक्षण प्रभावकारिता र विद्यार्थी उपलब्धिका आधारमा प्र.अ.को मूल्याङ्कनमा कार्यसम्पादन स्तर सन्तोषजनक भएका शिक्षक सङ्ख्याः ........ | | | | | ०. कुनै शिक्षकको पनि कार्यसम्पादन सन्तोषजनक नभएमा<br>१. ५०% भन्दा कम शिक्षकको कार्यसम्पादन सन्तोषजनक भएमा<br>२. ५०-८०% शिक्षकको कार्यसम्पादन सन्तोषजनक भएमा |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | (यो बढुवाका लागि भरिने का.स.मू.सँग सम्बन्धित होइन।) | | | | | ३. ८०% वा सो भन्दा बढी शिक्षकको कार्यसम्पादन सन्तोषजनक भएमा |
| **(ख) शिक्षकको पेसागत विकास** | | | | | | | |
| २.७ | शिक्षक पेसागत विकास (TPD) तालिम प्राप्त | जम्मा दरवन्दीमा कार्यरत शिक्षक संख्या :<br>दरवन्दीका शिक्षकमध्ये ३० दिने तालिम प्राप्त शिक्षक संख्या : | | | | | ०. स्वीकृत दरवन्दीका २०%भन्दा कम शिक्षकले TPD पूरा गरेको भएमा<br>१. स्वीकृत दरवन्दीका २०-४०% शिक्षकले TPD पूरा गरेको भएमा<br>२. स्वीकृत दरवन्दीका ४०-६०% शिक्षकले TPD पूरा गरेको भएमा<br>३. स्वीकृत दरवन्दीका ६०% भन्दा बढी शिक्षकले TPD पूरा गरेको भएमा |
| २.८ | पेसागत विकासका लागि विद्यालयमा अवलम्बन गरिएका उपाय | मिल्ने विकल्पमा चिनो लगाउनुहोस्।<br>१. नवनियुक्त शिक्षकहरूका लागि सेवा प्रवेश तालिमको अवसर<br>२. पेसागत विकासको लागि शिक्षकको तालिममा सहभागिता<br>३. नयाँ शिक्षकहरूका लागि शिक्षक मेन्टरिङको व्यवस्था<br>४. छोटो अवधिको कस्टमाइज्ड तालिमको व्यवस्था<br>५. सूचना प्रविधिसम्बन्धी तालिमको व्यवस्था<br>६. स्वनिर्देशित सिकाइ<br>७. कार्यमूलक अनुसन्धान<br>८. शिक्षक सिकाइ | | | | | ०. उक्त सूची मध्ये कुनै पनि कार्य नभएको<br>१. उक्त सूची मध्ये १ देखि २ वटासम्म कार्य भएको<br>२. उक्त सूची मध्ये ३ देखि ५ ओटा सम्म कार्य भएको<br>३. उक्त सूची मध्ये ५ ओटा भन्दा बढी कार्य भएको |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | सन्जालको व्यवस्था<br>९. सहपाठी कक्षा अवलोकन<br>१०. स्वमूल्यांकन<br>११.सेमिनार वा कार्यशालाको आयोजना<br>१२. बिषयगत शिक्षकहरुको बैठक र शैक्षिक गुणस्तर सुधारसम्बन्धमा छलफल<br>१३. पेसागत विकाससँग सम्बन्धित लेखन र प्रकाशन | | | | | |
| २.९ | विद्यालयको आफ्नै पहलमा उल्लेखनिय कार्य सञ्चालन | गत शै.स.मा गरेका आधारमा मिल्ने विकल्पमा चिनो लगाउनुहोस्।<br>१. आफ्नै पहलमा शिक्षकका लागि क्षमता विकास तालिम सञ्चालन<br>२. अन्तर विद्यालय भ्रमणको आयोजना<br>३. विज्ञ/प्र.अ.द्वारा कम्तीमा ६/६ महिनामा शिक्षकको कक्षा अवलोकन गरी पृष्ठपोषण दिने गरेको<br>४. नियमित अध्ययन सामग्री (पत्रपत्रिका, जर्नल आदि) को विद्यालयमा व्यवस्था गरिएको | | | | | ०. उक्त सूची मध्ये कुनै पनि कार्य नभएको<br>१. उक्त सूची मध्ये कम्तीमा १ वटासम्म कार्य भएको<br>२. उक्त सूची मध्ये कम्तीमा २ ओटा सम्म कार्य भएको<br>३. उक्त सूची मध्ये कम्तीमा ३ ओटा सम्म कार्य भएको |
| २.१० | स्मारिका, बुलेटिन, पत्रिका वा भित्तेपत्रिकाको प्रकाशन | विद्यालयले शिक्षकहरुको लेख/रचना प्रकाशित गर्न मिल्ने स्मारिका, बुलेटिन, पत्रिका वा भित्तेपत्रिका प्रकाशन गरेको भए गत शै.स.मा सङ्ख्या :<br>नगरेको : | | | | | ०. प्रकाशन नभएको भए<br>१. कम्तीमा एउटा प्रकाशन गरेको भए<br>२. कम्तीमा दुई ओटा प्रकाशन भएको भए<br>३. दुई भन्दा बढी प्रकाशन गरेको भए |
| २.११ | पेसागत विकास | आफ्नो बिषयमा उत्कृष्ट शिक्षण गर्न र उत्कृष्ट नतिजा | | | | | ०. विव्यसबाट कुनै व्यवस्था नभएको |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | (स्वनिर्देशित सिकाइ, खोजमूलक कार्य, सहपाठी कक्षा अवलोकन, स्वप्रतिविम्वित सिकाइ आदि) मार्फत राम्रो गर्ने शिक्षकलाई प्रोत्साहन | हासिल गराउन पेसागत विकासमा नवप्रवर्तन ल्याउने शिक्षकलाई पुरस्कृत गर्ने नीतिगत व्यवस्था भएको भए बिगत २ बर्षमा सम्मान प्राप्त गर्ने शिक्षकको सङ्ख्याः छनौटका आधारः | | | | | १. नीतिगत व्यवस्था मात्र भएको तर कार्यान्वयन नभएको<br>२. नीतिगत व्यवस्था भई वर्षमा कम्तीमा १ शिक्षक पुरस्कृत भएको (१० जना शिक्षकको अनुपातमा)<br>३. नीतिगत व्यवस्था भई वर्षमा १ भन्दा बढी शिक्षक पुरस्कृत भएको (१० जना शिक्षकको अनुपातमा) |
| **जम्मा पूर्णाङ्कः ३३** | | | | | | | |

### ३. शिक्षण सिकाइ

स्तरीकरणको क्रममा विद्यालयमा भएका कूल शिक्षक संख्याको आधारमा Sampling (नमुना छनोट) गरी कक्षा अवलोकन गर्ने, कक्षा शिक्षक, विषय शिक्षक तथा प्र.अ. सँग रहेका कक्षा शिक्षणका सूचकसँग सम्बन्धित अभिलेखहरूको अध्ययन गर्ने साथै शिक्षकहरु लगायत प्र.अ., विद्यार्थीसँग कुराकानी पनि गर्ने । कक्षा अवलोकन, अन्तरवार्ता र शिक्षकद्वारा तयार गरिएका सामग्रीको पुनरावलोकन समेतका आधारमा यथार्थ विवरण भर्नुपर्ने ।

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ३.१ | योजना निर्माण | • वार्षिक शैक्षणिक योजना र दैनिक पाठयोजना वा टिपोट बनाई शिक्षण गर्ने शिक्षक सङ्ख्याः ..... (प्रत्येक शिक्षकले तयार गरेको बार्षिक लगबुकको आधारमा मूल्याङ्कन गर्ने) | | | | | ०. कुनै शिक्षकले पनि योजना निर्माण नगरेमा<br>१. ५०% भन्दा कम शिक्षकले योजना बनाई शिक्षण गरेमा<br>२. ५० - ७५% शिक्षकले योजना बनाई शिक्षण गरेमा<br>३. ७५% वा सो भन्दा बढी शिक्षकले योजना बनाई शिक्षण गरेमा |
| ३.२ | सिकाइ सामग्रीको प्रयोग | • नियमित सिकाइ सामग्री (दैनिक प्रयोग सामग्री बाहेक) प्रयोग गर्ने शिक्षक सङ्ख्याः ..... | | | | | ०. २५% भन्दा कम शिक्षकले नियमित प्रयोग गरेमा<br>१. २५ -५०% शिक्षकले नियमित प्रयोग गरेमा<br>२. ५० -७५% शिक्षकले नियमित प्रयोग गरेमा<br>३. ७५% वा सो भन्दा बढी शिक्षकले नियमित प्रयोग गरेमा |
| ३.३ | उपचारात्मक शिक्षण आवश्यक भएका विद्यार्थीहरू पहिचान | प्रत्येक कक्षा शिक्षक वा विषय शिक्षकले उपचारात्मक शिक्षण आवश्यक भनी छनोट गरिएका जम्मा विद्यार्थी संख्याः ........... | | | | | ० उपचारात्मक शिक्षणका लागि विद्यार्थी छनोट नै नभएको<br>१ २५% सम्म शिक्षकले छनोट गरेको<br>२ २५%-५०% शिक्षकले छनोट गरेको<br>३ ५०% भन्दा बढी शिक्षकले छनोट गरेको |
| ३.४ | उपचारात्मक शिक्षण कार्यन्वयनको | सूचक नं. ४.३ अनुसार छनोट गरिएका विद्यार्थी संख्याको आधारमा पुनर्बल, | | | | | ० उपचारात्मक कक्षा प्राप्त गर्ने विद्यार्थी संख्या २५% भन्दा कम भएमा |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | अवस्था | प्रोत्साहन र हौसला सहितको उपचारात्मक कक्षामा संलग्न गरिएको संख्याः ............ (कक्षागत, विषयगत अभिलेख हेरी मूल्याङ्कन गर्ने) | | | | | १ त्यस्ता विद्यार्थीको संख्या २५% देखि ५०% भएमा<br>२ त्यस्ता विद्यार्थीको संख्या ५०% देखि ७५% भएमा<br>३ त्यस्ता विद्यार्थीको संख्या ७५% देखि १००% भएमा |
| ३.५ | विद्यार्थी नियमितता, सक्रियता र सहभागिता | • विषय शिक्षकले शिक्षणका क्रममा वा शिक्षण पश्चात निम्नानुसारको अभिलेख राख्ने गरेको वा नगरेको<br>• उपस्थिति<br>• कक्षा कार्यमा सक्रिय हुने/नहुने विद्यार्थी<br>• विषयगत सह क्रियाकलाप (प्रयोगात्मक र परियोजना कार्य समेत) मा विद्यार्थीको सक्रिय हुने नहुने विद्यार्थीहरू | | | | | ० अभिलेख नराखी विषय शिक्षण मात्र गरेको<br>१ कुनै दुई प्रकारको अभिलेख राखिएको<br>२ सबै अभिलेख राखिएको तर सक्रिय नभएका विद्यार्थीलाई सक्रिय र नियमित बनाउन छुट्टै कुनै कार्य नगरेको<br>३ सबै अभिलेख सहित सक्रिय नहुने र नियमित नहुने विद्यार्थीहरूका लागि छुट्टै प्रयत्न गरेको<br>(गरिएका प्रयासको अभिलेख हेर्ने) |
| ३.६ | विद्यार्थी नियमितता, सक्रियता र सहभागिताको कार्यन्वयनको अवस्था | • सूचक नं. ४.५ बमोजिमको अभिलेख राखी शिक्षण गर्ने शिक्षकको संख्याः ..............<br>• विद्यालयको जम्मा शिक्षक संख्याः .......... | | | | | ० त्यस्ता शिक्षक संख्या २५% भन्दा कम भएमा<br>१ त्यस्ता शिक्षक २५% देखि ५०% भएमा<br>२ त्यस्ता शिक्षक ५०% देखि ७५% भएमा<br>३ त्यस्ता शिक्षक ७५% देखि १००% भएमा |
| ३.७ | शिक्षणमा प्रविधि (कम्प्युटर, प्रोजेक्टर इन्टरनेट | • जम्मा शिक्षण गरिएका दिनहरू मध्ये ८०% भन्दा बढी कक्षा शिक्षणमा प्रविधिको प्रयोग गर्ने शिक्षकको सङ्ख्याः ........ | | | | | ० त्यस्ता शिक्षक संख्या २५% भन्दा कम भएमा<br>१ त्यस्ता शिक्षक २५% देखि ५०% भएमा<br>२ त्यस्ता शिक्षक ५०% |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | सामग्री, मोबाइल) को प्रयोग | जम्मा संख्याः .......... (कक्षा अवलोकन, शिक्षक लगबुक आदि हेर्ने) | | | | | देखि ७५% भएमा<br>३ त्यस्ता शिक्षक ७५% देखि १००% भएमा |
| ३.८ | गृहकार्य | • नियमित गृहकार्य दिने, जाँच्ने र पृष्ठपोषण दिने शिक्षकको सङ्ख्याः ..... | | | | | ०. २५% भन्दा कम शिक्षकले नियमित प्रयोग गरेमा<br>१. २५ -५०% शिक्षकले नियमित प्रयोग गरेमा<br>२. ५० -७५% शिक्षकले नियमित प्रयोग गरेमा<br>३. ७५% वा सो भन्दा बढी शिक्षकले नियमित प्रयोग गरेमा |
| ३.९ | शिक्षण सुधार योजना (TIP) (तालिम प्रयोजन बाहेक) | • शिक्षण सुधार योजना अद्यावधिक गरी कार्यान्वयन गर्ने शिक्षक सङ्ख्याः ..... | | | | | ०. कुनै शिक्षकले पनि प्रयोग नगरेको<br>१. २५% भन्दा कम शिक्षकले कार्यान्वयन गरेको<br>२. २५ - ५०% शिक्षकले कार्यान्वयन गरेको<br>३. ५०% वा सो भन्दा बढी शिक्षकले कार्यान्वयन गरेको र विद्यार्थी सिकाइ सुधार योजना समेत प्रयोग गरेको |
| ३.१० | कार्यमुलक अनुसन्धान (तालिम प्रयोजन बाहेक) | • विगत १ वर्षमा कार्यमूलक अनुसन्धान गर्ने शिक्षक सङ्ख्याः ..... | | | | | ०. कुनै शिक्षकले पनि नगरेको<br>१. औसतमा प्रति शिक्षक १ कार्यमूलक अनुसन्धान गरेको<br>२. औसतमा प्रति शिक्षक २ कार्यमूलक अनुसन्धान गरेको<br>३. औसतमा प्रति शिक्षक २ भन्दा बढी कार्यमूलक अनुसन्धान गरेको |
| ३.११ | कक्षाकोठा व्यवस्थापन | आवश्यकता अनुसार वसाइ व्यवस्थापन, सामग्रीहरूको | | | | | ०. कुनै शिक्षकले पनि नगरेमा |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | व्यवस्थापन गर्ने शिक्षक सङ्ख्याः .......... | | | | | १. २५% भन्दा कम शिक्षकले उल्लिखित कक्षा व्यवस्थापन नगरेमा<br>२. २५ -५०% शिक्षकले उल्लिखित कक्षा व्यवस्थापन गरेमा<br>३. ५०% वा सोभन्दा बढी उल्लिखित कक्षा व्यवस्थापन गरेमा |
| **जम्मा पूर्णाङ्कः ३३** | | | | | | | |

### ४. विद्यार्थी मूल्याङ्कनः

विद्यार्थी मूल्याङ्कनको परीक्षण गर्दा परीक्षणकर्ताले व्याख्यालाई ध्यान नदिई अभिलेखलाई आधार मान्नु पर्ने, निरन्तर तथा आन्तरिक मूल्याङ्कनमा प्रयोग गरिएका साधन र मूल्याङ्कन प्रकृयालाई पनि अभिलेखको आधारमा परीक्षण गर्ने ।

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ४.१ | सिकाइका लागि मूल्याङ्कन | • सिकाइका लागि मूल्याङ्कन अभिलेख र साधन अद्यावधिक राखिएको<br>• सिकाइका लागि मूल्याङ्कन अभिलेख र साधन अद्यावधिक नराखिएको | | | | | ०. आवधिक परीक्षा मात्र सञ्चालन गरिएको<br>१. सिकाइका लागि मूल्याङ्कन प्रयोग भए पनि अभिलेख अद्यावधिक नभएको<br>२. अभिलेख अद्यावधिक भए तापनि शिक्षण सिकाइ सुधारमा प्रयोग नगरिएको<br>३ नं.२ को आधार पूरा भई सुधारात्मक कक्षा सञ्चालन गरेको |
| ४.२ | प्रयोगात्मक/परियोजना कार्यको अभिलेख | आन्तरिक मूल्याङ्कन प्रयोजनका लागि कक्षागत र विषयगत रूपमा प्रयोगात्मक तथा परियोजना कार्यको अभिलेख राखे/नराखेको (अभिलेखका आधारमा मूल्याङ्कन गर्ने) | | | | | ० कुनै पनि अभिलेख नराखिएको<br>१ शिर्षकहरूको मात्र टिपोट राखिएको<br>२ सिकाइ उपलब्धि शिर्षक टिपोट गरी संक्षिप्त निर्देशनहरू उल्लेख गरिएको<br>३ सिकाइ उपलब्धि अनुसार शिर्षक, संक्षिप्त निर्देशन तथा मूल्याङ्कनका आधारहरू समेत उल्लेख गरिएको |
| ४.३ | प्रयोगात्मक/ परियोजना कार्य मूल्याङ्कनको अवस्था | सूचक ४.२ अनुसार पाठगत परियोजना कार्यहरू गराएको अभिलेख राखी त्यसैका आधारमा आन्तरिक मूल्याङ्कन अभिलेख तयार गर्ने शिक्षक | | | | | ० त्यस्ता शिक्षक संख्या २५% भन्दा कम भएमा<br>१ त्यस्ता शिक्षक २५% देखि ५०% भएमा<br>२ त्यस्ता शिक्षक |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | संख्याः ............ | | | | | ५०% देखि ७५% भएमा<br>३ त्यस्ता शिक्षक ७५% देखि १००% भएमा |
| ४.४ | निर्माणात्मक मूल्याङ्कनको प्रयोग | • समय समयमा विद्यार्थीको आन्तरिक परीक्षा लिई त्यसको नतिजा जानकारी सहित सुधारको लागि विद्यार्थीलाई पृष्ठपोषण दिने शिक्षकको सङ्ख्याः .....<br>• प्रयोग गरिएका मूल्याङ्कन साधनको विवरणः<br><br>• प्रयोग गरेको मिति वा समयावधिः .....| | | | | ०. कुनै पनि शिक्षकले निर्माणात्मक मूल्याङ्कनको साधन प्रयोग नगरेको<br>१. २५% भन्दा कम शिक्षकले विद्यार्थीको समय समयमा आन्तरिक परीक्षा लिई त्यसको नतिजा जानकारी सहित सुधारको लागि विद्यार्थीलाई पृष्ठपोषण दिने गरेको<br>२. २५ - ५०% शिक्षकले विद्यार्थीको समय समयमा आन्तरिक परीक्षा लिई त्यसको नतिजा जानकारी सहित सुधारको लागि विद्यार्थीलाई पृष्ठपोषण दिने गरेको<br>३. ५०% वा सो भन्दा बढी शिक्षकले विद्यार्थीको समय समयमा आन्तरिक परीक्षा लिई त्यसको नतिजा जानकारी सहित सुधारको लागि विद्यार्थीलाई पृष्ठपोषण दिने गरेको |
| ४.५ | प्रश्नपत्र निर्माण | • प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिका प्रयोग गर्ने शिक्षकको सङ्ख्याः .....<br>• कुन कक्षा, कुन विषय, | | | | | ०. विशिष्टीकरण तालिका बिना नै प्रश्न निर्माण गर्ने गरेको<br>१. २५% भन्दा कम शिक्षकले प्रश्नपत्र |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | कुन परीक्षामा प्रयोग गरेको: | | | | | निर्माणमा विशिष्टीकरण तालिका प्रयोग गरेको<br>२. २५ -५०% शिक्षकले प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिका प्रयोग गरेमा<br>३. ५०% वा सो भन्दा बढी शिक्षकले प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिका प्रयोग गरेमा |
| ४.६ | उत्तरपुस्तिका परीक्षण | • उत्तरकुञ्जिका/मार्किङ् स्कीम निर्माण गरी सोका आधारमा उत्तरपुस्तिका परीक्षण गर्ने शिक्षकको सङ्ख्या: .....<br>• कुन कक्षा, कुन विषयको उत्तर कुञ्जिका निर्माण भएको हो उल्लेख गर्ने : | | | | | ०. उत्तरकुञ्जिका बिना नै उत्तरपुस्तिका परीक्षण गर्ने गरेमा<br>१. २५% भन्दा कम शिक्षकले उत्तरकुञ्जिका निर्माण गरी सोका आधारमा उत्तरपुस्तिका परीक्षण गरेमा<br>२. २५%-५०% शिक्षकले उत्तरकुञ्जिका निर्माण गरी सोका आधारमा उत्तरपुस्तिका परीक्षण गरेमा<br>३. ५०% वा सो भन्दा बढी शिक्षकले उत्तरकुञ्जिका/मार्किङ् स्कीम निर्माण गरी सोका आधारमा उत्तरपुस्तिका परीक्षण गरेमा |
| ४.७ | परीक्षाको नतिजा प्रकाशन | • नतिजा प्रकाशनको तरिका उल्लेख गर्न: | | | | | ०. नतिजा प्रकाशन गरी विद्यार्थीलाई सुनाउने मात्र गरेको<br>१. नतिजा प्रकाशन गरी विद्यार्थीको ग्रेडसिट सहित अभिभावकलाई जानकारी दिने गरेको<br>२. अभिभावकको |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | | | | | | उपस्थितिमा वार्षिक वा अर्धवार्षिक परीक्षाको व्यक्तिगत ग्रेडसिट सहित प्रकाशित गरेमा<br>३. अभिभावकको उपस्थितिमा त्रैमासिक तथा वार्षिक परीक्षाको नतिजा प्रत्येक विद्यार्थीलाई ग्रेडसिट बनाई वितरण गरेमा |
| ४.८ | परीक्षाफलको विश्लेषण र पृष्ठपोषण | • विद्यालयभित्र आन्तरिक रुपमा परीक्षाफल विश्लेषण गरिएको वा नगरिएको:<br>• गरिएको भए तरिका: | | | | | ०. परीक्षाफल विश्लेषणसम्बन्धी कुनै काम नभएको<br>१. विद्यार्थीको कक्षागत र विषयगत सिकाइ उपलब्धिको बारेमा स्टाफ बैठकमा छलफल मात्र हुने गरेको<br>२. विद्यार्थीको कक्षागत र विषयगत औसत सिकाइ उपलब्धि विश्लेषण गरी समीक्षा र पृष्ठपोषण मात्र दिने गरेको<br>३. परीक्षाफल प्रकाशित भए पछि कक्षागत र विषयगत औसतको उपलब्धि विश्लेषण तथा प्रश्नपत्र विश्लेषण गरी सुधारको लागि पृष्ठपोषण र समीक्षा सहितको सुधारको योजना बनाउने गरेको |
| **जम्मा पूर्णाङ्कः २४** | | | | | | | |

### ५. सुशासन र व्यवस्थापन

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ५.१ | वि.व्य.स.को गठन | • गठन भएको मितिः<br>• गठन नै हुन नसकेको | | | | | ०. गठन नै नभएको<br>१. आंशिक गठन भएको/अध्यक्ष वा मनोनित सदस्य चयन हुन नसकेको<br>२. पूर्ण गठन भएको<br>३. तोकिएको समयमा नै पूर्ण गठन भएको |
| ५.२ | वि.व्य.स.को बैठक र निर्णय | • बिगत बर्षको जम्मा बैठक संख्याः .....<br>• बिगत बर्षको जम्मा निर्णय संख्याः ..... | | | | | ०.बैठक नै नबसेको वा बसेर पनि निर्णय नगरेको<br>१. वर्षमा कम्तीमा ६ पटक बैठक बसी निर्णय लिइएको<br>२. वर्षमा कम्तीमा ७ देखि १० पटक सम्म बैठक बसी निर्णय लिइएको<br>३. शैक्षिक उपलब्धीका निर्णयहरू सहित बर्षमा १० पटक भन्दा बढी बैठक बसी निर्णय लिइएको |
| ५.३ | वि.व्य.स.को निर्णय कार्यान्वयन | | | | | | ०. २५% भन्दा कम मात्र कार्यान्वयन हुने गरेको<br>१. कम्तीमा २५% कार्यान्वयन हुने गरेको<br>२. कम्तीमा ५०% कार्यान्वयन हुने गरेको<br>३. अधिकांश ७५% निर्णय कार्यान्वयन हुने गरेको |
| ५.४ | शिक्षक अभिभावक संघको गठन | • गठन भएको मितिः<br>• गठन हुन नसकेको | | | | | ०. गठन नभएको<br>१. गठन भएको तर पूर्ण नभएको<br>२. पूर्ण गठन भएको<br>३. पूर्ण गठन भई नियमित |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | | | | | | बैठक बस्ने गरेको |
| ५.५ | शिक्षक अभिभावक संघको बैठक | • बिगत बर्षमा भएको जम्मा बैठक संख्याः .....<br><br>(बैठक निर्णय पुस्तिका हेर्नुहोला।) | | | | | ०. बैठक नै नबसेको<br>१. वर्षमा कम्तीमा १ वा २ पटक बैठक बसी निर्णय लिइएको<br>२. वर्षमा ३ वा ४ ओटा बैठक बसी निर्णय लिइएको<br>३. वर्षमा ४ वा बढी पटक बैठक बसी गुणस्तर सुधारका विषयमा निर्णय लिइएको |
| ५.६ | शि.अ.सं.को निर्णय कार्यान्वयन | • निर्णयका विषयवस्तुः | | | | | ०. २५% भन्दा कम निर्णयमात्र कार्यान्वयन भएका<br>१.२५-५०% कार्यान्वयन भएका<br>२. ५०-७५% कार्यान्वयन भएका<br>३. ७५% वा सो भन्दा बढी निर्णय कार्यान्वयन हुने गरेको |
| ५.७ | अभिभावक भेला र निर्णय | • गत बर्ष भएको अभिभावक भेलाको सङ्ख्या : ..... | | | | | ०. भेला नभएको<br>१. १ पटक भेला भई निर्णय लिएको<br>२. २ पटक भेला भई निर्णय लिएको<br>३. ३ पटक भेला भई शैक्षिक गुणस्तरका विषयमा समेत निर्णय लिएको |
| ५.८ | शिक्षक स्टाफ बैठक र शैक्षिक निर्णय | गत वर्षको स्टाफ बैठक सङ्ख्याः .....<br>बैठकका मुख्य विषयवस्तुः | | | | | ०. बैठक नै बस्ने नगरेको<br>१. वर्षमा १-२ पटक बसेको<br>२. वर्षमा ३-५ पटक सम्म बसी शैक्षिक निर्णय लिएको<br>३. वर्षमा ६ पटक वा सो भन्दा बढी पटक बैठक |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | | | | | | बसी शैक्षिक उपलब्धिका सम्बन्धमा निर्णय गरी सुधार योजना समेत बनाएको |
| ५.९ | विद्यालय सुधार योजना | • ५ वर्षे विद्यालय सुधार योजना निर्माण मितिः<br>• वार्षिक कार्यान्वयन योजना स्वीकृत भएको मितिः<br>नभएको | | | | | ०. ५ वर्षे विद्यालय सुधार योजना निर्माण नै नभएमा<br>१. निर्माण भएको तर वार्षिक कार्यान्वयन योजना प्रत्येक वर्ष तयार नभएको<br>२. प्र.अ. र केही शिक्षकहरुको संलग्नतामा बार्षिक कार्यान्वयन योजना समेत तयार गरेको ३. नं.२ को आधार सहित सरोकारवालाको संलग्नतामा कार्यशाला मार्फत निर्माण भई बार्षिक कार्यान्वयन योजना निर्माण भएको र सोही अनुसार कार्यक्रम सञ्चालन गर्ने गरिएको |
| ५.१० | वार्षिक योजना तथा कार्यक्रम तयारी र कार्यान्वयन | • निर्माण भएको मितिः<br>• वि.व्य.स.बाट पारित भएको मितिः<br>• निर्माण नभएको | | | | | ०. निर्माण नै नभएको<br>१. निर्माण मात्र भएको<br>२. निर्माण र पारित मात्र भएको<br>३. वि.ब्य.स.बाट पारित भई कार्यान्वयन गरेको |
| ५.११ | सुशासन र पारदर्शिता | भएकोमा चिन्ह लगाउनुहोस्ः-<br>• विद्यालयले आफ्नो विनियमावली वा कार्यविधि बनाएको<br>• सुझाव पेटिकाको व्यवस्था गरेको<br>• आफ्ना प्रमुख गतिविधिहरु बुलेटिन, पत्रपत्रिका, वेव साइट, सामाजिक सञ्जाल आदि माध्यमबाट प्रकाशन वा प्रसारण गरेको | | | | | ०. कुनै पनि कार्य नभएको<br>१. १ ओटासम्म कार्य भएको<br>२. कम्तीमा कुनै २ ओटा कार्य भएको<br>३. कम्तीमा कुनै ३ ओटा कार्य भएको |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | • विद्यालयका मुख्य मुख्य निर्णयहरु सरोकारवालाको जानकारीका लागि सार्वजनिक गर्ने गरेको | | | | | |
| ५.१२ | अभिलेख व्यवस्थापन | १. गत वर्षको जम्मा आम्दानी ......................., खर्चः ..........................<br>२. छात्रवृत्ति पाउने छात्रा ........... छात्रः...........<br>३. शिक्षकको बिरामी बिदा अभिलेख प्रमाणीकरणः . .<br>४. चालु शै.स.को शिक्षक, विद्यार्थी, भौतिक सुविधालगायतको समष्टिगत अभिलेखः<br>५. IEMIS रिपोर्ट कार्ड प्रिन्ट गरी सबैले देख्ने गरी राखेको<br>६. दर्ता/चलानी रजिष्टरको प्रयोग भई चिठीपत्र व्यवस्थित गरी फाइलिङ गरी राखेको | | | | | ०. कुनै विवरण उपलब्ध नभएको वा १ मात्र उपलब्ध भएको<br>१. कुनै २ देखि ३ वटा सम्म अद्यावधिक विवरण उपलब्ध भएको<br>२. कुनै ४ वटा अध्यावधिक विवरण उपलब्ध भएको<br>३. सबै अध्यावधिक विवरण उपलब्ध भएको |
| ५.१३ | जिन्सी स्रेस्ताको व्यवस्था | खर्च हुने र नहुने जिन्सी सामग्रीको अभिलेख रजिष्टर : भए/नभएको | | | | | ०. जिन्सी रजिष्टरको व्यवस्था नभएको<br>१. कम्तीमा खर्च भएर नजाने जिन्सी रजिष्टरको व्यवस्था भएको<br>२. खर्च भै जाने नजाने दुवै खालका जिन्सी खाताको व्यवस्था भई अद्यावधिक भएको<br>३. नं. २ को आधार पूरा भई जिन्सी सामग्रीको हिफाजतसाथ प्रयोग भएको/व्यवस्थित अभिलेख राखिएको |
| ५.१४ | आन्तरिक आयको | आन्तरिक आयको प्रतिशतः | | | | | ०.कूल आम्दानीमा आन्तरिक आयको हिस्सा |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | परिचालन | | | | | | २ प्रतिशतभन्दा कम भएको<br>१. कूल आम्दानीमा आन्तरिक आयको हिस्सा ५ प्रतिशतसम्म भएको<br>२. कूल आम्दानीमा आन्तरिक आयको हिस्सा १५ प्रतिशतसम्म भएको<br>३. कूल आम्दानीमा आन्तरिक आयको हिस्सा १५ प्रतिशतभन्दा बढी भएको |
| ५.१५ | खर्चका प्रक्रिया र अभिलेख | • विद्यालयको बार्षिक बजेट तयार :....... | | | | | ०. प्रचलित ढाँचा अनुसार खर्चका अभिलेख नभएको<br>१. प्रचलित ढाँचा अनुसार खर्चका अभिलेख राख्ने गरेको<br>२. प्रचलित ढाँचा अनुसार खर्चका अभिलेख राखी वि.व्य.स.बाट निर्णय तथा अनुमोदन समेत हुने गरेको<br>३. नं. २ को आधार पूरा गरी खर्चका विवरण सरोकारवालाहरूसमक्ष सार्वजनिक समेत गरेको |
| ५.१६ | सामाजिक परीक्षण | • सम्पन्न भएको मितिः<br>• उपस्थिति संख्याः<br>• विशेष निर्णयः | | | | | ०. सामाजिक परीक्षण नै नभएको<br>१. सामाजिक परीक्षण तोकिएको समयमा भएको तर ढाँचामा नभएको<br>२. सामाजिक परीक्षण तोकिएको समय र ढाँचामा भएको तर |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | | | | | | | अभिभावक भेलामा प्रस्तुत नभएको<br>३.सामाजिक परीक्षण तोकिएको समय र ढाँचामा भएको र अभिभावक भेलामा प्रस्तुत भएको |
| ५.१७ | विद्यालय लेखापरीक्षण | • गत आ.व.को लेखापरीक्षण प्रतिवेदन प्राप्त मिति : | | | | | ०.गत आ.व.को लेखापरीक्षण नभएको<br>१.गत आ.व.को लेखापरीक्षण भएको<br>२.गत आ.व.को लेखापरीक्षण भएको र बेरूजु रहेको भए फछ्यौट समेत भएको<br>३. नं. २ को आधार पूरा भई प्रतिवेदन उपर वि.व्य.स.मा समीक्षा र सुझावको कार्यान्वयन समेत भएको |
| **जम्मा पूर्णाङ्कः ५१** | | | | | | | |

## ६. सह/अतिरिक्त क्रियाकलाप

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ६.१ | सह/अतिरिक्त क्रियाकलापको योजना | • योजना तयार भएको मितिः......... <br>• मुख्य मुख्य क्रियाकलापहरुः (विद्यालय कार्य पात्रो, योजना पुस्तिका, अतिरिक्त क्रियाकलाप सञ्चालन पुस्तिका वा अन्य अभिलेखलाई विद्यालयले पारित गरेको आधारमा मूल्याङ्कन गर्ने) | | | | | ०. कुनै योजना नहुने<br>१. योजना तत्कालै बन्ने गरेको<br>२. योजना रहेको तर लिखित रुपमा उतार नभएको<br>३. लिखित रुपमा वार्षिक योजना रहेको |
| ६.२ | सह/अतिरिक्त क्रियाकलाप योजनाको कार्यान्वयन | सुचक ८.१ अनुसार लिखित योजना तयार गरी कार्यन्वयन गरी विद्यार्थी सहभागिता वा पुरस्कार आदिको अभिलेख राखिएको | | | | | ०. २५% भन्दा कम मात्र कार्यान्वयन भएको<br>१. २५-५०% कार्यान्वयन भएको<br>२. ५०- ७५% कार्यान्वयन भएको<br>३. ७५% भन्दा माथि कार्यान्वयन भएको |
| ६.३ | प्रतियोगिताहरूमा विद्यालयको सहभागिता | विभिन्न विद्यालयहरूमा सहभागिताका लागि जानकारी भएका कार्यक्रमहरू (विद्यालयको सहभागिताको लागि पत्र प्राप्त भएका र खुला रूपमा सहभागिताको आव्हान गरिएका कार्यक्रमहरू समेत) को संख्याः ............<br>विद्यालय सहभागी भएको कार्यक्रमहरूको संख्याः ........ (अभिलेखका आधारमा) | | | | | ० २५% भन्दा कम कार्यक्रममा सहभागी भएमा<br>१ २५% - ५०% कार्यक्रममा सहभागी भएमा<br>२ ५०% - ७५% कार्यक्रममा सहभागी भएमा<br>३ ७५% - १००% कार्यक्रममा सहभागी र विद्यालयले स्वयम् आयोजक भई कम्तीमा १ एउटा कार्यक्रममा अन्य विद्यालयहरूलाई सहभागी गराएको |
| ६.४ | बालक्लब, रेडक्रस, स्काउट, सदनको | भएको भए नामः (बैठकको माइन्युट तथा | | | | | ०. गठन नै नभएको<br>१. कम्तीमा कुनै एक |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | गठन | कार्यक्रमहरूको विवरण सहितको अभिलेखका आधारमा मूल्याङ्कन गर्ने) | | | | | गठन भई क्रियाशील रहेको<br>२. कम्तीमा कुनै दुई गठन भई क्रियाशील रहेको<br>३. कम्ती मा कुनै तीन गठन भई क्रियाशील रहेको |
| **जम्मा पूर्णाङ्कः १२** | | | | | | | |

७. सिकाइ उपलब्धि

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ७.१ | कक्षा ३ को औषत सिकाइ उपलब्धि | • गत वर्षको औसत ग्रेड प्वाईन्टः<br>• यस वर्षको औसत ग्रेड प्वाईन्टः | | | | | ०. औसत जिपिए १.६ भन्दा कम भएको<br>१. औसत जिपिए १.६ देखि २.० सम्म भई गत वर्षको भन्दा बढेको<br>२. औसत जिपिए २.० देखि २.४ सम्म भई गत वर्षको भन्दा बढेको<br>३. औसत जिपिए २.४ भन्दा माथि भई गत वर्षको भन्दा बढेको |
| ७.२ | कक्षा ५ को औषत सिकाइ उपलब्धि | • गत वर्षको औसत ग्रेड प्वाईन्टः<br>• यस वर्षको औसत ग्रेड प्वाईन्टः | | | | | ०. औसत जिपिए १.६ भन्दा कम भएको<br>१. औसत जिपिए १.६ देखि २.० सम्म भई गत वर्षको भन्दा बढेको<br>२. औसत जिपिए २.० देखि २.४ सम्म भई गत वर्षको भन्दा बढेको<br>३. औसत जिपिए २.४ भन्दा माथि भई गत वर्षको भन्दा बढेको |
| ७.३ | कक्षा ८ को औषत सिकाइ उपलब्धि | • गत वर्षको औसत ग्रेड प्वाईन्टः<br>• यस वर्षको औसत ग्रेड प्वाईन्टः | | | | | ०. औसत जिपिए १.६ भन्दा कम भएको<br>१. औसत जिपिए १.६ देखि २.० सम्म भई गत वर्षको भन्दा बढेको<br>२. औसत जिपिए २.० देखि २.४ सम्म भई गत वर्षको भन्दा बढेको<br>३. औसत जिपिए २.४ भन्दा माथि भई गत वर्षको भन्दा बढेको |
| ७.४ | एस. इ.इ. को औसत सिकाइ | • गत वर्षको औसत ग्रेड प्वाईन्टः<br>• यस वर्षको औसत | | | | | ०. औसत जिपिए १.६ भन्दा कम भएको<br>१. औसत जिपिए १.६ |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| | उपलब्धि | ग्रेड प्वाईन्टः | | | | | देखि २.० सम्म भई गत वर्षको भन्दा बढेको<br>२. औसत जिपिए २.० देखि २.४ सम्म भई गत वर्षको भन्दा बढेको<br>३. औसत जिपिए २.४ भन्दा माथि भई गत वर्षको भन्दा बढेको |
| **जम्मा पूर्णाङ्कः १२** | | | | | | | |

**८. शिक्षकको पेसागत सन्तुष्टिः**

लैङ्गिक अवस्था (महिला,पुरुष), तह (आधारभूत र मा.वि.) र मुख्य शिक्षण विषय (नेपाली, अंग्रेजी, विज्ञान, गणित) लाई ख्याल गरी सकेसम्म प्रतिनिधिमूलक रूपमा विद्यालयका प्र.अ. सहित कम्तीमा २५ प्रतिशत शिक्षकहरु छनौट गर्ने। छनौट गरिएका शिक्षकलाई विद्यालयको कार्यप्रगति र आफ्नो पेसाबाट के-कति सन्तुष्ट हुनुहुन्छ भनी सोध्ने। यसका लागि सन्तुष्ट नभएको वा असन्तुष्ट (०), सामान्य वा कम सन्तुष्ट (१), मध्यम/सन्तुष्ट (२) र उत्तम वा पूर्ण सन्तुष्ट (३) को विकल्प दिई सबै शिक्षकहरुले दिएको स्केल नाप (०-३) को औसत गणना गर्ने ।

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार (यसका लागि अलग्गै फाराम प्रयोग गरी औसत अङ्क निकालेर यसमा लेख्ने।) |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ८.१ | विद्यालयको कार्यप्रगति सम्बन्धमा सन्तुष्टि | | | | | | ०.औसत अङ्क ०.५० भन्दा कम<br>१.औसत अङ्क ०.५० - १.५०<br>२.औसत अङ्क १.५० - २.५०<br>३.औसत अङ्क २.५० वा सो भन्दा बढी |
| ८.२ | आफ्नो पेसा सम्बन्धमा सन्तुष्टि | | | | | | ०.औसत अङ्क ०.५० भन्दा कम<br>१.औसत अङ्क ०.५० - १.५०<br>२.औसत अङ्क १.५० - २.५०<br>३.औसत अङ्क २.५० वा सो भन्दा बढी |
| ८.३ | आफ्नो विषयमा विद्यार्थीको सिकाइ उपलब्धिमा सन्तुष्टि | | | | | | ०. विद्यार्थीको सिकाइ उपलब्धिमा औसत १.६ जिपीभन्दा कम<br>१. औसत १.६- २.४ जिपीसम्म<br>२. औसत २.४ भन्दा माथि - ३.६ जिपीसम्म<br>३. औसत ३.६ भन्दा माथि -४.० जिपीसम्म |
| ८.४ | आफ्नो विषयमा आवश्यक सामग्रीको निर्माण र प्रयोगको अवस्थामा सन्तुष्टि | | | | | | ०. २५ प्रतिशत भन्दा कम शिक्षक सन्तुष्ट भएमा<br>१. ५० प्रतिशत सम्म शिक्षक सन्तुष्ट भएमा<br>२. ७५ प्रतिशत सम्म शिक्षक सन्तुष्ट भएमा<br>३. ७५ प्रतिशत भन्दा बढी शिक्षक सन्तुष्ट भएमा |

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार (यसका लागि अलग्गै फाराम प्रयोग गरी औसत अङ्क निकालेर यसमा लेख्ने।) |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| ८.५ | आफ्नो विषयमा एकाइगत/ थिमगत र मासिक मूल्याङ्कन गरी अभिलेखीकरणको अवस्थामा सन्तुष्टि | | | | | | ०. २५ प्रतिशत भन्दा कम शिक्षक सन्तुष्ट भएमा<br>१. ५० प्रतिशत सम्म शिक्षक सन्तुष्ट भएमा<br>२. ७५ प्रतिशत सम्म शिक्षक सन्तुष्ट भएमा<br>३. ७५ प्रतिशत भन्दा बढी शिक्षक सन्तुष्ट भएमा |
| **जम्मा पूर्णाङ्कः १५** | | | | | | | |

## ९. अनुसन्धान र विकासः

| क्र.सं. | सूचक | यथार्थ विवरण | स्तर | | | | स्तर निर्धारणको आधार |
|---|---|---|---|---|---|---|---|
| | | | ० | १ | २ | ३ | |
| १ | शिक्षण संस्थाले अध्ययन, अनुसन्धान तथा विकासको योजना निर्माण तथा कार्यान्वयन | • अध्ययन अनुसन्धान तथा विकासको योजना निर्माणको योजना निर्माण | | | | | ०. कुनै पनि योजना निर्माण नगरेको |
| | | • प्रकाशन भएको अनुसन्धान प्रतिवेदन | | | | | १. शिक्षण संस्थाले अध्ययन, अनुसन्धान तथा विकासको योजना निर्माण गरेको । |
| | | • अनुसन्धान प्रतिवेदनको समिक्षाको उपस्थिति विवरण, फोटोहरु | | | | | २.अनुसन्धान प्रतिवेदन भई तथा प्रकासन गर्ने गरेको । |
| | | | | | | | ३. शिक्षण संस्थाले अध्ययन, अनुसन्धान तथा विकासको योजनाको निश्चित समयमा समिक्षा गरी योजनामा समावेश गर्ने गरेको |
| २ | शैक्षिक अवलोकन तथा अन्तरक्रिया | • अध्ययन अवलोकनको योजना निर्माण गरी वि.व्य.सबाट | | | | | ०. अवलोकन तथा अन्तरक्रिया नगरेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत गरेको | | | | | |
| | | • आफ्नो विद्यालयबाट गरिएको अवलोकनको प्रतिवेदन | | | | | १. अध्ययन अनुसन्धानका लागि शैक्षिक अबलोकन तथा अन्तरक्रियाको लागि योजना बनाएको र अभिलेख राखिएको |
| | | • आफ्नो विद्यालयमा अन्य विद्यालयले अवलोकन गरेको उपस्थिति विवरण र प्राप्त गरेका सुझावहरुको वार्षिक प्रतिवेदन | | | | | २. आफ्नो विद्यालयबाट गरेको अध्ययन अवलोकनको विवरण र प्रतिवेदन मात्र राखेको |
| | | | | | | | ३. आफ्नो विद्यालयबाट गएको र अन्य विद्यालयबाट आफ्नो विद्यालयमा आउनेहरुको विवरण अध्यावधिक राखेको |
| ३ | आफ्नो विद्यालयमा अध्ययन गरी पेशा, रोजगारीमा रहेका र सम्मान प्राप्त गरेका व्यक्तिहरुको विवरण अध्यावधिक गरिएको | • पेशा र रोजगारीको अवस्था देखिने विवरण राखेको | | | | | ०. विवरण नराखेको |
| | | • पेशा, रोजगारी, पदक, राष्ट्रिय अन्तराष्ट्रिय सम्मान प्राप्तीको विवरण राखेको अद्यावधिक रजिष्टर र फ्लेक्स प्रिन्ट | | | | | १. पेशा र रोजगारीमा रहेकाहरुको विवरण राखेको |
| | | | | | | | २. पेशा, रोजगारी, पदक, राष्ट्रिय अन्तराष्ट्रिय सम्मान प्राप्तीको विवरण राखेको |
| | | | | | | | ३.पेशा, रोजगारी, पदक, राष्ट्रिय अन्तराष्ट्रिय सम्मान प्राप्तीको विवरण र सो सँग सम्बन्धित व्यक्तिको फोटो सहितकको विवरण सबैले देख्ने ठाउँमा टासेको |
| ४ | क्षमता विकासको अभिलेख व्यवस्थापन | • क्षमता विकास अभिलेख रजिष्टर | | | | | ०. विवरण नराखेको |
| | | • विद्यालयले कार्यक्रम सञ्चालन गरेको भए क्षमता विकास | | | | | १.शिक्षकको मात्र विवरण राख्ने गरेको |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कार्यक्रमसँग सम्बन्धित फोटो सहितको प्रतिवेदन | | | | | |
| | | • क्षमता विकास कार्यक्रमबाट फर्किएपछि ज्ञान हस्तान्तरण गर्दै गरेका फोटोहरु र सहभागिताको विवरण | | | | | २.शिक्षक र व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ समेतको विवरण राखेको |
| | | | | | | | ३. विद्यालयले सञ्चालन गरेको र अन्य निकायले सञ्चालन गरेको क्षमता विकासमा सहभागिहरुको विवरण समेत अध्यावधिक गरेको |
| **जम्मा** | | १२ | | | | | |

१०. विद्यालय स्तरीकरण सारांश तालिका

| क्र.सं. | क्षेत्र | सूचक संख्या | पूर्णाङ्क | प्राप्ताङ्क | प्राप्ताङ्क प्रतिशत | स्तर | सुझाव तथा सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयको भौतिक तथा शैक्षिक सुविधा | २० | ६० | | | | |
| २ | शिक्षक व्यवस्थापन र विकास | ११ | ३३ | | | | |
| ३ | शिक्षण सिकाइ | ११ | ३३ | | | | |
| ४ | विद्यार्थी मूल्याङ्कन | ८ | २४ | | | | |
| ५ | सुशासन र व्यवस्थापन | १७ | ५१ | | | | |
| ६ | सह/अतिरिक्त क्रियाकलाप | ४ | १२ | | | | |
| ७ | सिकाइ उपलब्धि | ४ | १२ | | | | |
| ८ | शिक्षकको पेसागत सन्तुष्टि | ५ | १५ | | | | |
| ९ | अनुसन्धान र विकास | ४ | १२ | | | | |
| कूल जम्मा | | ८४ | २५२ | | | | |

**नोट :**
स्तर निर्धारण गर्दा क्षेत्रगत रुपमा ४० प्रतिशत भन्दा कम भएमा- कमजोर, ४०-६० प्रतिशतसम्म- सामान्य, ६०-८० प्रतिशतसम्म - उत्तम र ८० प्रतिशत वा सो भन्दा माथि भएमा -अति उत्तम जनाउने साथै विद्यालयको स्तर निर्धारण गर्दा सञ्चालित कक्षा (१-३, १-५,१-८, १-१०, १-१२) गरी छुट्टाछुट्टै रुपमा स्तर निर्धारण गरी सार्वजनिकरण गर्नुपर्नेछ ।

**ग. प्रधानाध्यापकको प्रतिक्रिया/सुझाव**

**घ. विद्यालय व्यवस्थापन समितिका अध्यक्षको प्रतिक्रिया/सूझाव**

**ङ. स्तरीकरणमा खटिने स्वःमूल्याङ्कन समितिको सुझाव तथा सिफारिस (समग्रमा)**

**च. विद्यालय तहबाट तत्काल गर्नुपर्ने कार्यहरु (बुँदागत रुपमा):**

**छ. विद्यालयतहबाट बहुवर्षीय योजना बनाई गर्नुपर्ने कार्यहरु बुँदागत रुपमा):**

**ज. स्थानीय, प्रदेश र केन्द्रियस्तरबाट गर्नुपर्ने कार्यहरुः**

**झ. विद्यालयको स्तरीकरणमा खटिएका स्वःमूल्याङ्कन समितिको**

(१) नामः.......................... दस्तखतः.............. सम्पर्क नं.:........................
(२) नामः.......................... दस्तखतः.............. सम्पर्क नं.:........................
(३) नामः.......................... दस्तखतः.............. सम्पर्क नं.:........................